# माइ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम, १ नं. प्रदेश, नेपाल

पत्र संख्याः- ६५२-०७५/७६ मितिः- २०७५/९/१६

**विषय :- शिलवन्दी वोलपत्र आह्वानका सूचना।**

प्रथम पटक प्रकाशन मिति : २०७५/९/१६

माइ नगरपालिका वडा न.२ मा निर्माण गरीने तपसिल अनुसारको निर्माण कार्यहरु शिलबन्दी बोलपत्रवाट गराउन पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुका अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आहवान गरिन्छ ।

१. बोलपत्र खरीद प्रकृया eGP का माध्यमबाट मात्र गरीएकोले website: www.bolpatra.gov.np/egp वाट bid document हरु मिति २०७५/१०/१६ कार्यालय समय सम्ममा download गर्न सकिने छ। e -submission का लागि वोलपत्र खरिद दस्तुर वापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का न. र निर्माण कार्यको नाम खुलेका राजश्व दाखिला भौचर electronic bid files साथ पेश गर्न पर्नेछ।

२. e-bidding मार्फत document खरीद गर्नका लागी रकम जम्मा गर्न वैंकको विवरण निम्नानुसार रहेका छ। फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन।

वैंकका नाम :- सानिमा वैक लि. माइ संचित कोष खाता नं. :- ०५२०००००००६०१

३. बोलपत्रदाताका व्यवसाय दर्ता प्रमाण पत्र, व्यवसाय इजाजत प्रमाण पत्र, स्थायी नम्वर लेखा नम्बर/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.ब.२०७४/०७५ को कर चुक्ताका प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

४. बोलपत्र फारम मिति २०७५/१०/१६ गते दिनका १२.०० वजे भित्र e-submission गर्न सकिने छ। e-submitted बोलपत्रहरु सोही दिनका २.०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजका अधिकार प्राप्त प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुका रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिने छ।

६. बोलपत्र साथ सानिमा.वै.लि. माइ स्थित माइ नगरपालिकाको धरौटी खाता न. ०५२००००००९०१ मा फर्मका नामवाट तपसीलमा उल्लेखित वोलपत्र जमानत वापतका रकम जम्मा गरेका भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएका नेपाल सरकारवाट मान्यता प्राप्त “क” वर्गका वाणिज्य बैंकहरुवाट यस कार्यालयका नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं. र निर्माण कार्यका नाम उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र वोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र कागजात अर्का फर्मको नाममा दाखिला गर्न पाईने छैन।

८. स्थानिय तथा नेपाल सरकारलाइ बुझाउन पर्ने सबै प्रकारका करहरु बोलपत्र दाता स्वयम आफैले बुझाउन पर्नेछ।

९. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्र दाताको हुनेछ।

१०. सूचना तथा वोलपत्र कागजातका शर्त विपरित भएको वा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. वोलपत्रका परीक्षण वोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने भए सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

१२. वोलपत्रदाताहरुले आफनो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाका स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१३. e -submission सम्बन्धि जानकारी Annex 1 मा राखिएका छ तथा सार्वजनीक खरीद अनुगमन कार्यालयको website बाट हेर्न सकिनेछ ।

१४. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाका निर्णयअनुसार हुनेछ ।

१५. वोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएका हुनुपर्नेछ ।

१६. शिलबन्दि बोलपत्रका अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयका हितलाइ ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्न वा अस्वीकार/ अस्विकृत गर्न वा सूचना नै रद्ध गर्न लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ ।

माइ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इलाम, १ नं. प्रदेश, नेपाल

१७. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयका शहरी पूर्वाधार विकाश शाखा वा वेवाईट www.maimun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ ।

**सिलवन्दी बोलपत्र सम्वन्धि कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | कामका विवरण | लागत अनुमान रकम रु. (भ्याट, कन्टिन्जेन्सि तथा मर्मतकोष बाहेक) | वोलपत्र जमानत रकम रु. | वोलपत्र फारम खरीद दस्तुर रु. | वोलपत्र खरिद गर्न सकिन अवधि |
|---|---|---|---|---|---|---|
| १. | माइनपा/इलाम/एनसिवि/निर्माण ०१/२०७५/०७६ | माइ नगरपालिको कार्यलयको भवन निर्माण । | २,०१,०६,३७७.०७ | ७,५०,०००.०० | ५,०००.०० | २०७५/१० /१६ |

नि.प्रमुख प्रशाकिय अधिकृत